स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राईको चर्चित पात्र "काजी" फेरि ठूलो पर्दामा फर्किएको छ । उनको अभिनय रहेको चलचित्र "कबड्डी ५: आफ्टर द फाइनल म्याच"८८को टिजर सार्वजनिक भएसँगै चलचित्रको चर्चा बढेको हो। रामबाबु गुरुङको लेखन तथा निर्देशनमा बनेको चलचित्रको करिब साढे तीन मिनेट लामो टिजरमा दयाहाङ राईलाई काजीको भूमिकामा देखाइएको छ। टिजरमा काजीसँगै मैयाँको प्रवेशलाई समेत प्रस्तुत गरिएको छ।

**आजको विचार...**



जलवायु...
*(दुई पेजमा)*

डा. रक्षा थापा



गायिका एलिना चौहानले आफूले ठूलो मेहनत र लगानीमा सञ्चालनमा ल्याएको "रमणी बाइ एलिना" पुरानो ठाउँबाट हटाउनुपरेको बताएकी छन्। एलिनाले यो महिलाकेन्द्रित फेसन स्टोर काठमाडौं नयाँ वानेश्वरमा साउन पहिलो सातादेखि संचालनमा ल्याएकी थिइन्। तर स्टोरको ओपनिङ भएको केही दिनमै उक्त ठाउँबाट हट्नुपर्ने अवस्था आएको उनले बताएकी छन्। आफ्नो समस्या यसअघि सार्वजनिक नगरेकी एलिनाले परिस्थितिका कारण अहिले यसबारे बताउनुपरेको उल्लेख गरेकी छन्।

❐ वर्ष ३२ ❐ अंक ७१ ❐ २०८३ असोज १० गते शनिबार 26 September 2026, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### भारी वर्षामा परी मृत्यु हुनेको सङ्ख्या ११ पुग्यो

एजेन्सी

**टोकियो,** असोज ९/पूर्वी जापानको कान्टो क्षेत्रमा आँधीपछि आएको भारी वर्षाका कारण पहिरो र बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ भने तीनजना अझै बेपत्ता छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार मृत्यु हुनेमा टोकियोको पूर्वमा रहेको चिबा प्रिफेक्चरका सातजना र राजधानीको दक्षिणपश्चिममा रहेको कानागावा प्रिफेक्चरका चार जना छन् । जापानको सार्वजनिक प्रसारण संस्था एनएचकेका अनुसार कानागावाको योकोसुकामा पहिरोपछि बेपत्ता भएकी ७० वर्षीया महिलाको शव हालै फेला परेको छ । प्रहरी र अग्नि नियन्त्रकहरूले बेपत्ता व्यक्तिहरूको खोजी जारी राखेका छन् । सोमबार जापानको पूर्वी प्रशान्त तटमा पुगेको 'डुजुआन' आँधीले कान्टो क्षेत्र र इजु टापुमा भारी वर्षा गराएको थियो । वर्षाका कारण पहिरो र नदीमा बाढी आउनुका साथै टोकियो आसपासका क्षेत्रमा, विशेषगरी चिबा प्रिफेक्चरमा ठूलो क्षति पुगेको छ । एनएचकेका अनुसार बिहीबार दिउँसोसम्म चिबा र कानागावा प्रिफेक्चरमा आँधीका कारण करिब एक हजार भवन ध्वस्त भएका, क्षतिग्रस्त भएका वा डुबानमा परेका छन् ।

# अविरल वर्षापछि पाल्पाका विभिन्न सडकमा पहिरो

# एम्बुलेन्सदेखि दुग्ध ढुवानीसम्म प्रभावित

रामचन्द्र रायमाझी

**पाल्पा,** ९ असोज / लगातारको अविरल वर्षाका कारण पाल्पाका विभिन्न सडकखण्डमा पहिरो खस्दा शुक्रबार विहानैदेखि यातायात सेवा प्रभावित बन्यो । जिल्लाका ग्रामीण क्षेत्रका अधिकांश कच्ची सडक पहिरोका कारण अवरुद्ध भए भने प्रमुख राजमार्गका ठाउँ-ठाउँमा समेत पहिरो खसेपछि आवागमनमा समस्या भएको छ ।

सिद्धार्थ राजमार्ग अन्तर्गत पर्ने तिनाउ गाउँपालिका-३, तल्लो सिद्धबाबा मन्दिर नजिकै र तिनाउ-५ को चरचरे र जोरधाराबीचमा पर्ने सडकमा माथिबाट ढुङ्गा खसेपछि शुक्रबार केही समय सडक पूर्ण रूपमा अवरुद्ध भएको थियो । पछि पहिरो पन्छाएर सडक सुचारु गरिए पनि पहिरो झर्न नरोकिएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी उपरीक्षक भिमलाल भट्टराईले बताए । यस्तै, यो समाचार तयार पार्दासम्म रिब्दीकोट गाउँपालिका-५ मारावास र



बोदीस्थित बतासेबाट रैनादेवी छहरा गाउँपालिका जाने भित्री सडकखण्डमा पनि वर्षाका कारण सडक माथिबाट पहिरो खसेर यातायात अवरुद्ध भएको छ । यस्तै सदरमुकाम तानसेनबाट पश्चिम भेग जोड्ने प्रमुख सडकका रूपमा रहेको तानसेन-हार्थोक-छहरा सडकखण्डमा विभिन्न स्थानमा पहिरो खसेपछि सवारी आवागमन ठप्प भएको छ । हार्थोक-बतासे सडकअन्तर्गत कसुमखोला क्षेत्रमा निर्माणाधीन सडक माथिबाट पहिरो खस्दा यातायात सेवा पूर्ण रूपमा प्रभावित भएको स्थानीय पत्रकार भुवन रायमाझीले बताए । सडक अवरुद्ध हुँदा सर्वसाधारणले आवतजावतमा ठूलो सास्ती खेप्नुपरेको उनको भनाई छ । सडक अरुद्ध हुँदा अत्यावश्यक सेवाका सवारी साधनसमेत सडकमा रोकिएका छन् ।

विशेषगरी बिरामी बोकेका एम्बुलेन्स तथा ग्रामीण क्षेत्रबाट सदरमुकाम र अन्य सहरमा दूध पुऱ्याउने दुग्ध ढुवानीका सवारी साधन बाटोमै रोकिँदा समस्या थपिएको रायमाझीको भनाई छ । पहिरोका कारण दूधलगायत छिट्टै बिग्रिने अत्यावश्यक वस्तु ढुवानीमा अवरोध हुँदा कृषक तथा व्यवसायीसमेत प्रभावित भएका छन् । *-बाँकी अन्तिम पेजमा...*

# गणेश सहकारीको अध्यक्षमा पुन: गाहा



**पाल्पा,** असोज ९/ गणेश बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुन: विष्णु बहादुर गाहा निर्वाचित भएका छन् । सहकारीको शुक्रबार तानसेनमा भएको अधिवेशनले गाहालाई अध्यक्षमा सर्वसम्मत निर्वाचित गरेको हो ।

गाहाले कूशलतापूर्ण अध्यक्षको जिम्मेवारी निर्वाह गरी सहकारीलाई आर्थिक रुपमा मजबूद बनाउन महत्वपूर्ण भूमिका खेलेका कारण उनलाई पुन: अध्यक्षको जिम्मेवारी दिइएको हो । भूपु सैनिक समेत रहेका गाहाले सहकारीको विकास र विस्तारमा उल्लेखीय भूमिका निर्वाह गरिसकेका छन् । उनले सहकारीको शेयर पुँजी वृद्धि गर्नेदेखि शेयर सदस्य वृद्धि गर्नमा ठूलो भूमिका खेलिसकेका छन् । इमान्दार र कर्तव्य निष्ठा गाहाले पुन: अध्यक्षमा चयन भएसँगै सहकारीलाई थप मजबूद र बलियो बनाएर लैजाने बताएका छन् । उनले शेयर सदस्यहरुको स-सानो लगानीलाई बढी भन्दा बढी बचत गरी उनीहरुलाई आर्यआर्जनसँग जोड्ने प्रतिवद्धता व्यक्त गरेका छन् । अधिवेशनले गाहाको अध्यक्षतामा सात सदस्यीय नयाँ कार्यसमिति समेत चयन गरेको छ । जसको उपाध्यक्षमा शेयर बहादुर कुंवर, सचिवमा कान्ति माया आले, कोषाध्यक्षमा टंक बहादुर रेस्मीलाई चयन गरेको छ । यस्तै सदस्यहरुमा सावीत्री राना, पदम बहादुर सोमै,हुमा थापा रहेका छन् । यस्तै अधिवेशनले लेखा समिति संयोजकमा हेमान सिं सारु र सदस्यहरुमा दिपक कुमार थापा, पूर्ण बहादुर गाहालाई चयन गरिएको चन्द्र गाहाले जानकारी दिए ।

# गणेश सहकारीको १३ औं साधारण सभा तथा पाँचौं अधिवेशन

# पुँजीसँगै नाफामा वृद्धि

हाम्रा संवाददाता

**पाल्पा,** असोज ९ / तानसेनस्थित गणेश बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १३औं साधारण सभा तथा पाँचौं अधिवेशन सम्पन्न भएको छ। सहकारीले शुक्रबार तानसेनमा औपचारिक कार्यक्रम आयोजना गरी साधारण सभा तथा अधिवेशन सम्पन्न गरेको हो ।

सभाको उद्घाटन सहकारीका सल्लाहकार तथा संस्थापक अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि दमबहादुर रानाले गरेका थिए । उद्घाटन गर्दै रानाले सानो पुँजीबाट स्थापना भएको सहकारी अहिले करोडौं रुपैयाँको पुँजी निर्माण गर्न सफल भएको बताए। सहकारी स्थापना गर्दा आफूहरूले विभिन्न समस्या र चुनौती सामना गर्नुपरे पनि सबैको साथ र सहयोगका कारण संस्था समृद्धिको दिशामा अघि बढ्न सफल भएको उनको भनाइ थियो । रानाले शेयर सदस्य नै सहकारीका वास्तविक मालिक भएकाले संस्थालाई कस्तो बनाउने भन्ने विषय उनीहरूकै सक्रियता र भूमिकामा निर्भर रहने बताए। उनले सहकारीप्रति जागरुक र



क्रियाशील बन्न शेयर सदस्यलाई आग्रह गरे । सहकारीका कानुनी सल्लाहकार शिवप्रसाद देवकोटाले कतिपय सहकारीले नियम तथा कानुनको पालना नगर्दा समस्या उत्पन्न भएको बताए । गणेश सहकारीले भने सहकारीका सिद्धान्त, मूल्य-मान्यता तथा प्रचलित कानुनलाई आत्मसात् गर्दै अघि बढेको उल्लेख गरे । सहकारीहरू कानुनी व्यवस्थाअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिँदै उनले आवश्यक कानुनी परामर्शका लागि आफू सधैं तयार रहेको बताए । नवजनचेतना राष्ट्रिय दैनिकका सम्पादक रामचन्द्र रायमाझीले गणेश सहकारीले गर्दै आएका गतिविधि प्रशंसनीय रहेको बताए । उनले आगामी दिनमा पनि सहकारीले सदस्यको नेतृत्व तथा क्षमता विकासमा केन्द्रित कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । सहकारीले बचत तथा ऋण कारोबारसँगै शेयर सदस्यको नेतृत्व र क्षमता विकासका लागि समय-समयमा शिक्षा तथा प्रशिक्षण प्रदान गर्दै आएकोमा खुसी व्यक्त गर्दै रायमाझीले व्यक्तिको जीवनस्तर सुधारमा सहकारीले अझ ध्यान दिनुपर्ने बताए । व्यक्तिको अवस्था सुधार भए मात्रै समाज र राष्ट्रको अवस्था सुधार हुने उनको भनाइ थियो ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## परमाणु हतियार निर्मूलन साझा दायित्व

**आज अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मूल दिवस । संयुक्त राष्ट्रसंघको आह्वानमा हरेक सेप्टेम्बर २६ का दिन यो दिवस मनाउने गरिन्छ । परमाणु हतियारको पूर्ण उन्मूलन गर्न आवश्यकताबारे आमजनमानसलाई जागरूक पार्दै यसले मानव जातीमा पार्ने असरको बारेमा सबैलाई जानकारी दिनु नै दिवसको मुख्य उद्देश्य हो । विशेषगरी १९४५ को अगस्त ६ मा जापानको हिरोशिमा र नागासाकी शहरमा आणविक बम प्रहार गरी ध्वस्त पारिएपछि सन् १९४६ मा बसेको राष्ट्रसंघ महासभाको पहिलो बैठकले विश्वलाई परमाणु निषेध बनाउने संकल्प गरेको थियो । तर विश्वका केही विकसित देशहरुले परमाणु हतियारको विकासमा रोक लगाएका छन् । विश्वलाई परमाणु हतियार मुक्त गर्ने संयुक्त राष्ट्र संघको पुरानो उद्देश्य हो ।**

**परमाणु हतियार मानव सभ्यताले निर्माण गरेका सबैभन्दा विनाशकारी अस्त्रमध्ये एक हो । यसको प्रयोगले केवल युद्धमा संलग्न पक्षलाई मात्र होइन, मानव जीवन, वातावरण र भावी पुस्तालाई समेत अपूरणीय क्षति पुऱ्याउन सक्छ । त्यसैले परमाणु हतियारको पूर्ण निर्मूलन आजको विश्वका लागि शान्ति र सुरक्षाको मात्र होइन, मानव अस्तित्वकै प्रश्न बनेको छ । हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मूल दिवसले विश्व समुदायलाई परमाणु हतियारको भयावह सम्भावनाबारे सचेत गराउँदै यसको अन्त्यका लागि प्रतिबद्ध हुन स्मरण गराउँछ । विगतमा परमाणु बमको प्रयोगबाट भएको मानवीय क्षतिले यसको विनाशकारी प्रभाव कति गम्भीर हुन्छ भन्ने स्पष्ट पारिसकेको छ । त्यसमाथि अहिले पनि विभिन्न मुलुकसँग ठूलो संख्यामा परमाणु हतियार रहनुले विश्व शान्तिमाथि निरन्तर खतरा कायम राखेको छ । परमाणु हतियार राख्नु नै राष्ट्रिय सुरक्षाको ग्यारेन्टी हो भन्ने तर्क लामो समयदेखि प्रस्तुत हुँदै आएको छ । तर सुरक्षा केवल हतियारको संख्याले सुनिश्चित हुँदैन । पारस्परिक विश्वास, कूटनीतिक संवाद, अन्तर्राष्ट्रिय कानुनको सम्मान र विवादको शान्तिपूर्ण समाधान नै दीर्घकालीन सुरक्षाका आधार हुन् । परमाणु हतियारको होडले स्रोतसाधनको ठूलो हिस्सा विनाशकारी क्षमताको विकासमा खर्च गराउँछ, जबकि त्यही स्रोत शिक्षा, स्वास्थ्य, गरिबी न्यूनीकरण र जलवायु संकट समाधानमा उपयोग गर्न सकिन्छ।परमाणु हतियारको जोखिम केवल त्यसको जानाजानी प्रयोगमा सीमित छैन। दुर्घटना, गलत सूचना, प्राविधिक त्रुटि वा गलत निर्णयका कारण पनि विनाशकारी परिणाम निम्तिन सक्छ। त्यसैले यस्ता हतियारको अस्तित्वलाई सामान्य सुरक्षा व्यवस्थाको हिस्सा मानेर बस्नु उचित हुँदैन। विश्व समुदायले क्रमशः परमाणु हतियार घटाउँदै अन्ततः पूर्ण रूपमा निषेध र निर्मूलनतर्फ अघि बढ्न आवश्यक छ । त्यसका लागि राजनीतिक इच्छाशक्ति, पारदर्शिता, विश्वास निर्माण, निशस्त्रीकरणसम्बन्धी सम्झौताको कार्यान्वयन र निरन्तर अन्तर्राष्ट्रिय संवाद आवश्यक छ ।**

### Opinion @ Social Network

धैर्य यस्तो चिज हो जस्ले
जिन्दगीको किताबका प्रत्येक पन्नालाइ बाधेर राख्ने गर्छ ।
*(सनिल सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Sanil.Sunar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जलवायु परिवर्तन र नेपालको पारिस्थितिक प्रणाली



## डा. रक्षा थापा

*काठमाडौं विश्वविद्यालयको सन् २०२६ को अध्ययनअनुसार अत्यधिक गर्मी र तीव्र वर्षाजस्ता चरम घटनाहरू पहिलेभन्दा तीन गुणासम्म बढी सम्भावित भएका छन् । तिनले बाढी, पहिरो र हिमताल विस्फोट बाढी (जीएलओएफ)को जोखिम बढाएको छ । नेपालमा करिब ३ हजार ८०८ हिमनदी (३ हजार ९०२ वर्ग किमी) छन् भन्ने कुरा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रले सन् २०१० मा गरेको विस्तृत हिमनदी वैज्ञानिक अध्ययन प्रतिवेदनमा उल्लेख छ । तिनीहरू निरन्तर पग्लिँदै छन् । कञ्चनज[illegible] क्षेत्रमा नयाँ सुप्राग्लेसियल ताल देखिएको छ । एउटा प्रतिवेदनका अनुसार साधारण र चरम अवस्थामा इम्जा, छो रोल्पा र थुलागीजस्ता यी प्रमुख हिमतालहरू फुट्दा तल्लो तटीय क्षेत्रमा हुने खुद आर्थिक क्षति १.९ देखि ४१५ मिलियन अमेरिकी डलरसम्म पुग्न सक्छ जसले खानेपानी, सिँचाइ र जलविद्युतमा दीर्घकालीन जोखिम सिर्जना गर्छ । जलवायु परिवर्तनले रैथाने वनस्पतिहरूमा पारेको प्रभावबारे गरिएको एक महत्वपूर्ण वैज्ञानिक अध्ययनअनुसार १२४ स्थानीय वनस्पति प्रजातिमध्ये ८७ प्रतिशतमा उचाइतर्फको स्थानान्तरण देखिएको छ (औसत प्रतिदशक २७.५ मिटर, कतिपयमा २३-९९८ मिटरसम्म) । हिमाली नीलो पोस्तो ( मेकोनोप्सिस) सन् १९७० यताको तुलनामा करिब ३०० मिटर माथि सरिसकेको छ । वनस्पतिहरू माथिल्लो उचाइतर्फ सर्दै जानु पर्यावरणका लागि एक गम्भीर चेतावनी हो ।*

भौगोलिक संवेदनशीलता, भिरालो भूबनोट र कमजोर आर्थिक क्षमताका कारण जलवायु परिवर्तनको असर नेपालमा तीव्ररूपमा परिरहेको छ । नेपाल विश्वकै सबैभन्दा जलवायु संवेदनशील मुलुकहरूमध्ये एक हो । तराईदेखि उच्च हिमालसम्म (करिब ६० देखि ८,८४८ मिटरसम्म) ठूलो उचाइ भिन्नताका कारण यहाँ पाँच प्रमुख भू पारिस्थितिक क्षेत्र (हिमाली, उच्च पहाडी, मध्य पहाडी, सिवालिक र तराई) पाइन्छन् । नेपाल हिन्दुकुश हिमालय क्षेत्रमा पर्छ जुन विश्वको औसत तापक्रम वृद्धिदरभन्दा झन्डै तीन गुणा छिटो (प्रति दशक करिब ०.४ङ्क सेल्सियस) तातिरहेको छ । हिन्दुकुश हिमालय क्षेत्रलाई विश्वको 'तेस्रोध्रुव' पनि भनिन्छ । काठमाडौं विश्वविद्यालयको सन् २०२६ को अध्ययनअनुसार अत्यधिक गर्मी र तीव्र वर्षाजस्ता चरम घटनाहरू पहिलेभन्दा तीन गुणासम्म बढी सम्भावित भएका छन् । तिनले बाढी, पहिरो र हिमताल विस्फोट बाढी ( जीएलओएफ)को जोखिम बढाएको छ । नेपालमा करिब ३ हजार ८०८ हिमनदी (३ हजार ९०२ वर्ग किमी) छन् भन्ने कुरा अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रले सन् २०१० मा गरेको विस्तृत हिमनदी वैज्ञानिक अध्ययन प्रतिवेदनमा उल्लेख छ । तिनीहरू निरन्तर पग्लिँदै छन् । कञ्चनजौ क्षेत्रमा नयाँ सुप्राग्लेसियल ताल देखिएको छ । एउटा प्रतिवेदनका अनुसार साधारण र चरम अवस्थामा इम्जा, छो रोल्पा र थुलागीजस्ता यी प्रमुख हिमतालहरू फुट्दा तल्लो तटीय क्षेत्रमा हुने खुद आर्थिक क्षति १.९ देखि ४१५ मिलियन अमेरिकी डलरसम्म पुग्न सक्छ जसले खानेपानी, सिँचाइ र जलविद्युतमा दीर्घकालीन जोखिम सिर्जना गर्छ । जलवायु परिवर्तनले रैथाने वनस्पतिहरूमा पारेको प्रभावबारे गरिएको एक महत्त्वपूर्ण वैज्ञानिक अध्ययनअनुसार १२४ स्थानीय वनस्पति प्रजातिमध्ये ८७ प्रतिशतमा उचाइतर्फको स्थानान्तरण देखिएको छ (औसत प्रतिदशक २७.५ मिटर, कतिपयमा २३-९९८ मिटरसम्म) । हिमाली नीलो पोस्तो ( मेकोनोप्सिस) सन् १९७० यताको तुलनामा करिब ३०० मिटर माथि सरिसकेको छ । वनस्पतिहरू माथिल्लो उचाइतर्फ सर्दै जानु पर्यावरणका लागि एक गम्भीर चेतावनी हो । यसले अल्पकालमा प्रजाति विविधता बढाए पनि दीर्घकालमा उच्च हिमशिखरका प्रजातिहरूलाई 'भाग्ने ठाउँ नरहने' अवस्थामा पुऱ्याउने वैज्ञानिकहरूको चेतावनी छ । विशेषगरी पञ्चचालजस्ता उच्च हिमाली र पहाडी भेगमा पाइने बहुमूल्य जडीबुटीहरू बढ्दो तापक्रमका कारण जोखिममा परेका छन् । तापक्रम बढ्दै जाँदा यी वनस्पतिहरू अनुकूल मौसमको खोजीमा अझ उच्च उचाइतर्फ सर्दै गइरहेका छन् जहाँ तिनीहरूका लागि पर्याप्त माटो र उपयुक्त भौगोलिक परिस्थिति नहुन सक्छ । अर्थात्, तिनको प्राकृतिक वासस्थान साँघुरिँदै गएको छ । जलवायु परिवर्तनले नेपालका वन्यजन्तुको वासस्थान र वितरणलाई पनि उल्लेख्यरूपमा असर पारिरहेको छ । त्यस्तै एउटा अध्ययनअनुसार हिम चितुवा र यसको मुख्य आहारा नाउर (ब्लु सिप)को हिमाली वासस्थान निर्धारणमा वार्षिक औसत तापक्रम प्रमुख कारक रहेको र हाल नेपालका हिमालको करिब १५ प्रतिशत क्षेत्र मात्र यी दुई प्रजातिका लागि उपयुक्त रहेको देखिएको छ भने भविष्यमा थप खुम्चिन सक्ने प्रक्षेपण गरिएको छ । हिमाली वन्य याक तथा अन्य उच्च उचाइका वन्यजन्तुहरू पनि चरनक्षेत्रको परिवर्तन, हिमनदी क्षय र मानवीय चापका कारण थप जोखिममा परेको हालै एक प्रतिवेदनले देखाएको छ । यसले हिमाली वन्यजन्तु र चरनक्षेत्र दुवैका लागि बढ्दो चुनौतीको संकेत गर्छ । नेपालको बाघको भविष्यको उपयुक्त वासस्थान पनि विभिन्न जलवायु परिदृश्यमा (२०५०, २०७०, २०९०) परिवर्तन हुने अनुमान गरिएको छ । यसले बाघ संरक्षणका लागि दीर्घकालीन योजनाको खाँचो औंल्याउँछ । सुदूरपश्चिम नेपालको डडेलधुराजस्ता 'जलवायु सूक्ष्म शरणस्थल' (क्लाइमेट माइक्रोरेफ्युजिया) वनले हाल विविध स्तनधारी प्रजातिलाई आश्रय दिइरहे पनि यस्ता सुरक्षित क्षेत्र दीर्घकालमा सीमित हुँदै जाने चिन्ता विज्ञहरूले जनाएका छन् । कृषिमा प्रत्यक्ष निर्भर जनसंख्या ठूलो भएकाले नेपालमा यसको प्रभाव अझ गहिरो छ । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलले हिन्दुकुश हिमालय क्षेत्रलाई तथ्याङ्क र अनुसन्धानको अभावका कारण 'सेतो थलो' (Data White Spot) को रूपमा वर्गीकरण गरेको छ । यस क्षेत्रमा बसोबास गर्ने जीवहरूको व्यक्तिगत जीवनचक्र, पारिस्थितिकी प्रणाली र तिनीहरूको शारीरिक सहनशीलता (Physiological Tolerance) सम्बन्धी वैज्ञानिक प्रमाणहरू अझै पनि अत्यन्तै न्यून छन् जसले भविष्यमा थप प्रयोगात्मक र दीर्घकालीन अनुसन्धानको खाँचो औंल्याउँछ ।

**जलवायु परिवर्तनका अल्पकालीन परिणामहरू**

-हिमताल विस्तार र जीएलओएफबाट पर्वतीय बस्ती तथा पूर्वाधारमा आकस्मिक क्षति

-अनियमित मनसुन र तीव्र वर्षाका कारण बाढी-पहिरो वृद्धि, बाली र सडक-पुल क्षति

-चरम गर्मी सुख्खाले खानेपानी अभाव र कृषि उत्पादनमा ह्रास

-वन्यजन्तु-मानव द्वन्द्व बढ्ने जोखिम

**जलवायु परिवर्तनका दीर्घकालीन परिणामहरू**

-नदी जलप्रवाहको संरचनागत परिवर्तन – सुरुमा बढी पानी, पछि दीर्घकालीन अभाव

-स्थानीय (एन्डेमिक) प्रजातिको विलोप र जैविक विविधतामा अपरिवर्तनीय ह्रास

-वन-कृषि पारिस्थितिकी प्रणालीको संरचनागत परिवर्तन (वन रेखा माथि सर्ने, बाली क्षेत्र स्थानान्तरण)

-ग्रामीण आजीविकामा दीर्घकालीन अनिश्चितता र जलवायु बसाइँसराइको जोखिम

**न्यूनीकरण र अनुकूलनका उपायहरू**

नेपालको पारिस्थितिकी प्रणाली तीव्र गतिमा रूपान्तरण हुँदैछ तापक्रम वृद्धि, हिमनदी क्षय, प्रजाति स्थानान्तरण र चरम मौसमी जोखिमका रूपमा । विश्वको कुल उत्सर्जनमा नगण्य योगदान (~०.०३%) भए पनि नेपाल सबैभन्दा बढी जोखिममा पर्ने मुलुकमध्ये पर्छ । त्यसैले, वैज्ञानिक अनुसन्धानमा लगानी, स्थानीय अनुकूलन क्षमता विस्तार, र अन्तर्राष्ट्रिय जलवायु न्याय तथा वित्तीय सहयोग नेपालको पारिस्थितिकी प्रणाली र लाखौं जनताको आजीविका जोगाउन अपरिहार्य छ ।

**कसरी न्यूनीकरण र अनुकूलन गर्ने ?**

**न्यूनीकरण**

सामुदायिक वन कार्यक्रम विस्तार, नवीकरणीय ऊर्जामा लगानी, र नगण्य उत्सर्जक (~०.०३%) भए पनि अन्तर्राष्ट्रिय जलवायु न्याय तथा क्षति कोषमार्फत वित्तीय प्राविधिक सहयोगका लागि कूटनीतिक प्रयास ।

**अनुकूलन**

हिमताल अनुगमन र प्रारम्भिक चेतावनी प्रणाली, पारिस्थितिक-आधारित कृषि अनुकूलन, वन्यजन्तु करिडोर जडान (क्लाइमेट कोरिडोर), र शारीरिक सहनशीलतासम्बन्धी अनुसन्धानमा लगानी । नेपालमा जलवायु परिवर्तनको गम्भीर प्रभाव परेकोले सम्बन्धित जनचेतना फैलाउने र बढी जोखिममा रहेका क्षेत्रहरूलाई प्राथमिकता दिने, साथै स्थानीय तहमा अनुकूलन योजना बनाई काम गर्नु अपरिहार्य देखिन्छ । ***(उपप्राध्यापक, प्राणीशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय)***

***-बाह्रखरी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रतिस्पर्धात्मक काममा दक्षता साबित गर्न सकिनेछ। मन हर्षित हुनेछ। | **तुला**: आर्थिक सीमालाई ख्याल गर्नुहोला। स्वास्थ्यमा विशेष सतर्कता अपनाउनुहोला। |
| **वृष** : सफलता हात लाग्नेछ। व्यावसायिक क्षेत्रमा ग्राहकको सन्तुष्टि बटुल्न सकिनेछ। | **वृश्चिक** : निर्णय लिँदा मन ढुक्क हुनेछ। कारोबार गर्दा चनाखो हुनुपर्ने समय छ। |
| **मिथुन** : मिठासपूर्ण बोलीले मन जित्नेछ। यात्रा गर्दा सावधानी अपनाउनु होला। | **धनु** : मनको अन्योल हट्दै जानेछ। मेहनतको सुखद नतिजा प्राप्त हुनेछ। |
| **कर्कट** : सम्बन्धमा प्रगाढता आउनेछ। आर्थिक लगानीको पाटो व्यवस्थित बन्नेछ। | **मकर** : काममा सहजता आउनेछ। सिर्जनात्मक कामहरूमा समय दिनुहोला। |
| **सिंह** : कार्यक्षेत्रमा सबैको प्रशंसा बटुल्नेछ। व्यवसायबाट सोचेभन्दा राम्रो आम्दानी हुनेछ। | **कुम्भ**: सामाजिक क्षेत्र फराकिलो बन्नेछ। आफ्नो क्षमताले राम्रो प्लेटफर्म पाउनुहुनेछ। |
| **कन्या** :दुर्घटना वा त्रुटिबाट बच्न सकिनेछ। कामलाई पूर्णता दिन समय अनुकुल छ। | **मीन** : असीम आत्मिक शान्ति मिल्नेछ। स्वास्थ्यलाई आराम दिन नभुल्नुहोला। |

# साहित्य दर्पण

निबन्ध — ईगम खालिङ


## परफेक्ट कोही छैन

*सरले त्यति भनिराखेर मेरो मनको पोखरीमा ढुङ्गा हानिराख्नुभयो । "ईश्वर परफेक्ट छ" भन्ने विचारले ईश्वरलाई थुप्रै संज्ञाहरू दिएका छन्, साथै थुप्रै विशेषणहरूद्वारा अलङ्कृत गरेका छन् । तर यहाँ मैले धर्म र धर्मग्रन्थहरूमा उल्लेखित ईश्वरसम्बन्धित कुराहरू गरिरहेको छैन । मैले ईश्वरलाई त्यस ऊर्जाका रूपमा मानिरहेको छु, जसले यो संसार बनिएको छ, अनि जसद्वारा महाब्रह्माण्ड रचिएको छ । ईश्वरलाई हामीमाझ पाउँदैनौँ किनकि उहाँको सिर्जना परफेक्ट भएको कारणले उहाँलाई पुनरावृति, परिमार्जन, विनिर्माण, पुनर्निर्माण र पुनर्सिर्जनाको कुनै आवश्यकता नै पर्दैन । जुन कुरा परफेक्ट हुन्छ त्यसलाई थप केही चाहिँदैन । त्यसरी ईश्वलाई लेखिरहनु, सुधारिरहनु र सिकिरहनुपर्दैन । हामीकहाँ आइरहनु पनि पर्दैन ।*

एकदिन म दार्जिलिङ सहरको चोकबजारभित्र एउटा सब्जी पसलमा सब्जी छान्दै थिएँ, त्यतिबेला अचानक मेरो भेट मेरो एकजना अति आदरणीय गरुसित भयो । उहाँलाई त्यहाँ त्यसरी अचानक भेट्दा मैले सब्जी छान्न छोडेर नमस्कार गरेँ । उहाँले मलाई देख्ने बित्तिकै सोधिहाल्नुभयो, "अरे, इगम ! तिमी पनि सब्जी किन्न आउँछौ ? मैले "आउँछु नि सर" भनिपठाएँ । उहाँले हत्तारिँदै भन्नुभयो, "ल इगम, मलाई अलिक हत्तार छ, तिमी सब्जी किन्दै गर है!" मैले 'हुन्छ सर" मात्र के भनेको थिएँ मेरो हातबाट खब्जी भुइँमा झर्‍यो । म रातोपिरो भएर झरेको सब्जीलाई छिटछिटो उठाउन थालेँ । उहाँ मेरो छेउमा आएर मलाई भन्नुभयो, "इगम ! भूल हुन्छ तर भूलसित डराई रहनुहुँदैन । भूललाई सोचिरह्यो भने मान्छेले सिर्जनात्मक काम गर्न सक्दैन । मान्छे परफेक्ट भयो भने उसले सिर्जना गरिरहनुपर्दैन किनकि ऊ ईश्वर बनिहाल्छ । ईश्वर बनेपछि उसको काम नै सकिन्छ ।" त्यति भनिराखेर सर आफ्नो बाटो लाग्नुभयो । सरले मलाई "काम गर्दा भूल हुन सक्छ अथवा हुन्छ" भन्ने कुरा बुझाउन खोज्नुभएको जस्तो लागिरह्यो । सरले त्यति भनिराखेर मेरो मनको पोखरीमा ढुङ्गा हानिराख्नुभयो । "ईश्वर परफेक्ट छ" भन्ने विचारले ईश्वरलाई थुप्रै संज्ञाहरू दिएका छन्, साथै थुप्रै विशेषणहरूद्वारा अलङ्कृत गरेका छन् । तर यहाँ मैले धर्म र धर्मग्रन्थहरूमा उल्लेखित ईश्वरसम्बन्धित कुराहरू गरिरहेको छैन । मैले ईश्वरलाई त्यस ऊर्जाका रूपमा मानिरहेको छु, जसले यो संसार बनिएको छ, अनि जसद्वारा महाब्रह्माण्ड रचिएको छ । ईश्वरलाई हामीमाझ पाउँदैनौँ किनकि उहाँको सिर्जना परफेक्ट भएको कारणले उहाँलाई पुनरावृति, परिमार्जन, विनिर्माण, पुनर्निर्माण र पुनर्सिर्जनाको कुनै आवश्यकता नै पर्दैन । जुन कुरा परफेक्ट हुन्छ त्यसलाई थप केही चाहिँदैन । त्यसरी ईश्वलाई लेखिरहनु, सुधारिरहनु र सिकिरहनुपर्दैन । हामीकहाँ आइरहनु पनि पर्दैन । ईश्वर आफ्नै परफेक्सनमा सिद्ध छन् । आफ्नो परफेक्ट सिर्जनामा अवस्थित छन् । हामी उनका परफेक्सन हाम्रो प्रकृतिको प्रकृतिमा (भ्रममा पर्दै भए पनि) खोजिरहेका हुन्छौँ । हामीले गरेको सिर्जना ईश्वरको तुलनमा एउटा सानो कण जति मात्र हो । हामी त्यति सानो भएर पनि आृनो सिर्जनाद्वारा ईश्वरको अनुकरण चाहिँ गरिरहेका हुन्छौँ । तर हामी अनुकरणद्वारा ईश्वर बन्न सक्दैनौँ । बनी नै हाल्यौँ भने हाम्रो काम नै सकिन्छ । यही सन्दर्भमा मलाई एकजना महान् चित्रकार साल्भाडोर डालीको एउटा भनाइले मेरो मस्तिष्कको ढोका ढकढकाइरहेको छ: "गल्तीहरू प्राय: पवित्र प्रकृतिका हुन्छन् । तिनीहरूलाई सच्याउने कहिल्यै प्रयास नगर्नुहोस् । यसको विपरित: तिनीहरूलाई तर्कसङ्गत बनाउनुहोस्, र तिनीहरूलाई राम्ररी बुझ्नुहोस् । त्यसपछि तपाईंका निम्ति तिनीहरूलाई उदात्तीकरण गर्न सम्भव हुनेछ ।" ( मिस्टेक्स आर अल्मस्ट अल्वेज अफ अ सेक्रेड नेचर. नेभर ट्राइ टु करेक्ट देम. अन द कन्ट्रेरी: रेसनलाइज, एन्ड अन्डस्ट्यान्ड देम थोरोली. आफ्टर ड्याट, इट हुइल बि पस्सिबल फर ह्यु टु सब्लिमेट देम.) बजारबाट म के-के सोच्दै घर आइपुगेँ । श्रीमतीले सब्जी झोलाबाट निकाल्दै भनिन्, "कति टमटरहरू कुहिएका रहेछन्, राम्ररी छानेर किन्नुभएन क्याहो?" म चुप लागेर बसिरहेँ । पानी पनि मागिनँ । मनमनमा सोच्न थाले कि म पनि सिद्ध भएको भए यसरी सब्जी बजारबाट किनेर ल्याउनुपर्दैन थियो होला, दिउँसाको खाना पर्खिएर बसिरहनु पर्दैन थियो होला, अनि कलम लिएर कागजलाई यसरी लेखेर काउकुती लगाइरहनु पनि पर्दैन थियो होला ! श्रीमतीले खानेकुरा पकाउने तर्खर गर्न थालिन् तर उनलाई थाहा थिएनन् कि जुन दिन उनले परफेक्ट खाना पकाउनेछिन् त्यस दिनदेखि हामीले खाइरहनुपर्दैन । हामी परफेक्ट भइहाल्यौँ भने हामीलाई चलाउन नसकेर हाम्रा दाज्यु-भाइ, दिदी-बहिनी, इष्टमित्र र समाजका मानिसहरूले हामीलाई थन्काएर राखिदिनेछन्–कुनै एउटा प्रशिद्ध सङ्ग्रहालयमा वा प्रयोगशालामा । परफेक्ट स्वादिष्ट खाना सम्झेर म श्रीमतीलाई चिहाउन भान्छाघर यसो गएको त उनले कुहिएका आलुहरूलाई छान्दै काट्दै रहिछिन् । त्यो देखेर म ढुक्क भएँ किनकि ती कुहिएका आलुहरूबाट परफेक्ट आलुको तरकारी तयार हुन सक्दैन । परफेक्ट भइहाल्यो भने हामीलाई जन्म-मरणको चक्रमा पसिरहनुपर्दैन । अनि एउटा सिर्जनाबाट अर्को सिर्जना गर्दै हिँडिरहनु पनि पर्दैन । म जति नै डराऊँ वा जति नै नकारात्मक कुराहरू गरिरहूँ तर हामीलाई परफेक्सन मन पर्छ । म मेरा दाजुभाइ र दिदीबहिनीहरूलाई जुनै पनि काम गर्दा परफेक्ट हुनुपर्छ भन्ने सुझाव दिनेगर्छु । उनीहरूले मलाई कतिपल्ट "कुनचाहिँ परफेक्ट हो ?" भनेर सोधेका पनि छन् । 'परफेक्ट' यो नै हो भनेर भन्न र देखाउन सकिँदैन किनकि परफेक्सन व्याक्तिपरक अनि अमूर्त हुन्छ । जीवनको सम्भवना असीम छ अनि जीवनका विषय र वस्तुहरूको आकलन दिन र सिमाङ्कण गर्न साह्रो हुन्छ । मानव ज्ञानका विषय सामाजिक मान्यताका विषय भएको कारणले गर्दा हामी काम चलाउका रूपमा सामाजिक स्वीकृति बनाएर अघि बढिरहेका हुन्छौँ । यही बुँदालाई आधार बनाएर मैले उनीहरूलाई परिभाषा दिने गर्दछु । जस्तै–कुनै कामलाई पुन: सुधार्न, परिमार्जन र परिष्कृत गर्न नपरोस् । यसै सन्दर्भमा जर्मानका एकजना महान् दार्शनिक रेने डेकार्डको 'सन्देहविधि' को कुरा उनीहरूलाई सुनाउने गरेको छु । हुन त यस्तो उदाहरण जुनसुकै स्थिति अनि विषयमा दिन मिल्दैन । परफेक्सनलाई मान्यौँ भने यस्तो विधि काम लाग्दैन । तर जे होस्, ईश्वर खगोलीय शक्ति (कस्मिक पवर) हुन् भने हामी त्यसको अंश चाहिँ निश्चय नै हौँ । त्यति सोच्दा-नसोच्दा दिउँसाको भोजन पाकिसकेको थियो, तर मलाई भने इन्द्रबहादुर राईले साहित्यिक मासिक 'गरिमा' को एउटा अङ्कमा दिनुभएको अन्तर्वार्ताको सम्झना आइरहेको थियो । जहाँ उनले भनेका छन् कि साहित्य लेखनमा उनको खोज ईश्वरको खोज हो । ईश्वरलाई भेटिन्छ कि भेटिँदैन त्यो उनलाई थाहा नभएको बताएका छन् । त्यही अन्तर्वार्ता पढेर मैले उनको ईश्वर भेट्न उनका पुस्तकहरू खोजिखोजि पढ्न थालेको थिएँ । उन्नाइसौँ शताब्दीमा फ्रेडरिक नित्शेले ईश्वरको मृत्यु भएको घोषणा गरिसकेका थिए भने एक्काइसौँ शताब्दीका महान् वैज्ञानिक स्टेफन हकिङले चाहिँ हाम्रो ब्रह्माण्ड बुझ्नलाई ईश्वर चाहिँदैन भनेका छन् । यसो सोच्दा उनले ईश्वर छैन भन्न खोज्नुभएको चाहिँ ईश्वर परफेक्ट भएर नै अचल भएको हो कि जस्तो पनि लाग्छ । ईश्वर आृनो सिर्जनाभित्रै सिद्ध (अवस्थित) हुनुहुन्छ अथवा उहाँको चर्चा गरेर कुनै फाइदा छैन । दि ग्रान्ड डिजाइन मा हकिङ (२०११, पृ. २२७) लेख्छन्–" स्वस्फूर्त सृष्टि भनेको केही नभई केही हुनुको कारण हो, ब्रह्माण्ड किन अवस्थित छ, हामी किन अवस्थित छौँ । नीलो 'टच पेपर' लाई उज्यालो पार्न र ब्रह्माण्डलाई चलाउनका लागि भगवानलाई आग्रह गर्नु आवश्यक छैन ।" (स्पन्टेनियस क्रियसन इज द रिजन दियर इज सम्थिङ रेदर देन नथिङ, वाइ द युनिभर्स एक्जिस्ट्स, वाइ हुइ एक्जिस्ट. इट इज नट नेसेस्सरी टु इन्भोक गड टु लाइट द ब्लु टच पेपर एन्ड सेट द युनिभर्स गोइङ.) हामीले ईश्वरलाई हाम्रो सोच, विश्वास, आस्था र धर्महरूमा पाएका छौँ । हामीले ईश्वरलाई परफेक्सनसित जोड्ने गरे तापनि उहाँलाई जहाँ पायो त्यहीँ जोड्न सक्दैनौँ । त्यसको अर्थ यो होइन कि हामी भूलमाथि भूल गरिरहौँ । भनिन्छ नि भूलबाट सिकेर त्यही भूल पुन: नगर्ने व्यक्ति ज्ञानी हो तर भूल गरेर त्यही भूल दोहोराउने व्यक्ति चाहिँ मूर्ख हुन्छ । *-समकालिन साहित्य डटकम*

कथा — रेवतीरमण सापकोटा

## अस्पतालको बाटो



"ए भाइ, तैंले मलाई किन यसरी ठगाइस् हँ ? तँलाई मैले सँगै लिएर आएकी होइन ? भिनाजुलाई राम्रो अस्पताल लिएर जानुपर्छ भनेकी हो कि होइन भन् त" रातभरि रोएर छटपटाउँदै बिनिद्र रात काटेकी कृष्णाले श्यामलाई यस्ता प्रश्न सोधेर अस्तव्यस्त पारिन् । बिचरो श्याम, दिदीको कुनै प्रश्नको जवाफ दिने स्थितिमा थिएन । पर एम्बुलेन्समभित्र अविनाशको लाश सेतो कपडाले छोपेर राखिएको थियो । उनलाई हिजो अचानक स्ट्रोक भयो । घरदेखि निकै टाढा सरकारी उच्च पदमा अविनाश कार्यरत थिए । उच्च पदाधिकारी रहेर पनि विभागका अन्य तल्लो तहका कर्मचारीप्रति रहेको उदार र खुला मनोभाव र सरलताले गर्दा उनले आफ्नो विभाग र कार्यालयमा लोकप्रियता प्राप्त गरेका थिए । उनको मिलनसार स्वभाव, कार्यालयको चौकीदा, पियन अथवा टाइपिस्ट, सबैलाई उनले आफ्नै परिवारको अभिन्न अङ्ग मानेका थिए । सानो ओहदाका कर्मचारीहरू पनि अविनाश सर भने पछि हुरुक्कै हुने गरी मन पराउने । कार्यालयमा कहिलेकाहीँ अविनाश प्रीति भोज, चियाचमेनाको व्यवस्था गरेर उनीहरूबाट सजिलै काम हासिल गर्थे । "यसपालि त हामी सबैको मासिक वेतन र भत्ता पनि बढ्यो । यसपालि म नयाँ सिक्स सिटर गाडी लिन्छु र हामी सबै शिलाङ घुम्न जाने है । तिमीहरूकी म्याम र छोराछोरी पनि आउँछन् ।" अविनाशले यसरी आृना कार्यालयका सहकर्मीहरूलाई आउँदो वैशाखको तीनदिने बिदा मनाउने कार्ययोजनाको जानकारी दिएका थिए । सबै खुशी थिए । उनले कृष्णालाई पनि फोनमा जानकारी गराएका थिए । "अहँ, म मान्दै मान्दिनँ, यो हुनै सक्दैन । उहाँ अहिले बेहोस हुनुहुन्छ, राम्रो डक्टरको फेला पर्ने बित्तिकै उहाँको होश आउँछ । लु किन यति ढिलो गर्नु भएको तपाईंहरूले, कसलाई किन पो पर्खिनु भएको ?" कृष्णा आत्तिँदै, रुँदै भन्दै थिइन् । उता, अविनाशको नश्वर शरीर पोस्टमार्टमका लागि उनलाई ल्याएकै एम्बुलेन्समा राखिएको थियो, पुलिस र डक्टरको काम सिध्याए पछि लाश परिवारलाई सुम्पियो अस्पतालले । कृष्णा भनिरहेकी थिइन् । आजको निष्ठुर नियतिको वास्तविकतालाई उनले मानौं च्यालेन्ज गरेकी छिन् । "मेरो अविनाश कहिल्यै नाश नहुने हुन् ।" उनलाई आइसियुमा पसाउनु अघि उनी अविनाशलाई एकै पटक हेर्न चाहन्छिन्, पतिको रगत्ताम्मे भएको अनुहार सफा गरिदिनुपर्छ, उनी अहिले यही सोचिरहेकी छिन् । कृष्णाले आफूसँगै आएकी फुपूलाई भन्दै थिइन्, "अविनाशले हिजो बेलुकी त मलाई भन्नु भएको, सैलरी बढ्यो रे, एरियर पनि झन्नै पाँचलाख रुपियाँ हुने, सबै मिलाएर एउटा कार किन्ने, मलाई नयाँ सुनको नौगेडी किनिदिने, छोरा र छोरीलाई राम्रो स्कुलमा भर्ना गर्ने, छुट्टीमा शिलाङ्ग घुम्न जाने । हाम्रा धेरै योजना छन् । अब उनी निको भएर आएपछि सबै थोक भइहाल्छ ।" उनका यी एकेक शब्द बज्र झैं मेरा कानमा परेका थिए । एकछिन मेरा रसाएका आँखा लुकाएर मैले मोबाइल हेर्ने व्यर्थ प्रयास गरेँ । अविनाश र कृष्णा, मानौं, एउटै मुद्राका दुई पाटा । कलेजमा बेचलर पढ्दा ताक इन्टर पढ्न भर्ना लिएकी कृष्णासँग कलेज केन्टिनमा एकदिन अविनाशका आँखा एक्कासि जुधेका थिए । पहिलो भेटमा आँखा मात्रै जुधेका थिए । भोलिपल्ट एउटै समयमा फेरि कलेज केन्टिनमा दुवैको जम्काभेट भयो । हाई, हल्लोमै दोस्रो दिनको कार्यक्रम सकियो । तेस्रो दिन, केन्टिनको भित्र कुनामा राखिएको टेबल-कुर्सीबाट शुरू भएको थियो । त्यस दिन केन्टिन खचाखच भरिएको हुनाले कुनाको टेबलतिर एउटा कुर्सी खाली देखेर कृष्णा लम्किएकी थिइन् । त्यहाँ विपरीत दिशामा अविनाश थियो । "चिया पिउन आउनु भाको ?" मुस्कुराउँदै कृष्णाले अविनाशलाई सोधेकी थिइन् । हो भन्ने इशारा अविनाशले मन्द मुस्कानका साथ टाउको हल्लाएर दिएको थियो । पहिलो भेटदेखि नै कृष्णाको मनमुटुमा बिस्तारै अविनाश बस्न लागेको थियो । उनले होस्टलमा बेचलर पढ्ने दिदीहरूबाट दुई-तीन पटक अविनाशको बारेमा सुनेपछि चासो बढेको थियो । दुवैजनाले चिया पिएपछि काउन्टरमा बिल बुझाउन दुवै अघि बढेका थिए । "एक कप चिया न हो, मै दिहाल्छु नि !" शायद यो दुवै अरू समीप आउने सङ्केत थियो । त्यस दिन अविनाशले बाधा दिँदा पनि कृष्णाले दुवैको बिल बुझाएकी थिइन् । अनि भोलिपल्ट अविनाशले, अनि पर्सिपल्ट कृष्णाले । यो क्रम दोहोरिँदै जाँदा दुवैको बिचमा रहेको टाढापन सामीप्यमा बदलियो । अब त क्लास नहुँदा पनि कृष्णा कलेज आउन थालिन् । जन्माष्टमीको दिन कलेज बिदा रहनाले दुवै कलेजनेरको राधाकृष्ण मन्दिरमा गई पूजा अर्चना गरे अनि भविष्यमा एक अर्काको रहने वाचा गरे । पढाइमा अब्बल रहने मृदुभाषी अविनाशले बेचलरको पढाई सक्दा सरकारी जागीर पायो । आर्थिक रूपले केही दुर्बल कृष्णालाई उसैले बेचलरसम्म पढायो । त्यसपछि उनीहरू कहिल्यै नछुट्टिने गरी एक भए । दुवै घरको स्वीकृति पाएर विवाह गरे । यसरी उनीहरू एक अर्काको जिउने आधार बने । बिहे भएको तीन वर्ष पछि दुई वर्षको अन्तरालमा अविनाश र कृष्णा एक छोरा र एक छोरीका बाबु आमा पनि बने । दु:खलाई परै राखेर उनीहरू सुख मात्रको उकाली लागे । कृष्णालाई लाग्थ्यो, संसारभरि उनी भन्दा सुखी अरू कोही हुनै सक्दैन । भावनाको सागरमा डुबुल्की लगाउँदै थिएँ, कृष्णाले मतिर हेर्दै एक्कासि भनिन् ,"दाज्यू, यही बाटो हो नि एपलो अस्पताल जाने ?" मलाई लाग्यो, आज म उनलाई ढाँटेर आफूलाई अपराधी बनाउँदै छु । "होइन, यो बाटो साह्रै नराम्रो छ, रोगीलाई कष्ट हुन्छ, तिमीहरू अर्कै बाटोबाट गुवाहाटी जाओ ।" मैले साँच्चै अपराध बोलेँ, यस्तै अनुभव भयो । "त्यसो भए अविनाश भएकै एम्बुलेन्समा म जान्छु नि, उनलाई अहिले मेरो साथ चाहिन्छ, के ठिक, बाटोमै होश आउँछ कि !" कृष्णाको ढिप्पीले मलाई भित्रैदेखि पोल्यो । "होइन नि बैनी, त्यो एम्बुलेन्समा अविनाशका दाज्यू र साथी जान्छन्, उनीहरूले हेरचाह गर्दै लान्छन् । त्यसमा धेरै मानिस अटाउँदैन, रोगीलाई कष्ट हुन्छ भनेरै तिमी, भाइ र दिदीलाई यो गाडी ठिक गरिदिएको, आरामले जाओ । भरे अस्पतालमै भेट भइहाल्छ नि, सँगसँगै पुग्छौ ।" मैले झन् नराम्रो अपराध बोलेको अनुभव भयो । अविनाशको लाश बोकेको एम्बुलेन्स र कृष्णाहरू चढेको इनोवा कारसँगै स्थानीय अस्पताल परिसरबाट हिँडे अविनाशको घरतर्फ । म परैबाट कृष्णाले उच्च स्वरमा कारको ड्राइभरलाई भन्दै गरेको सुनिरहेको थिएँ, "ए ड्राइभर दाइ, छिटो कुदाऊ, जति सकिन्छ, उति नै छिटो अस्पताल पुग्ने छोटो बाटोबाट जाऊँ ।" मलाई आज धर्मराज युधिष्ठिरले अश्वत्थामा वध भएको खबर कूटनैतिक शैलीमा अश्वत्थामा हतोहत: इति गज: भनेर कृष्णालाई दोधारमा उभिन वाध्य गराएको अनुभव भयो । कस्तो सुखी परिवार थियो अविनाश र कृष्णाको ! विधातालाई पनि लैजान अविनाशै छान्नु परेको ! यी दम्पतीको आपसी प्रेमको कुरा म साथीहरूसँग पनि बेलाबखतमा उल्लेख गर्थें । उनीहरूको प्रेम कथा सुन्ने मेरा साथीहरू पनि अविनाशको दु:खद घटना सुनेर मर्माहत भएका छन् । त्यही अविनाश अहिले लाश बनेर घरतिर जाँदैछ, तर कृष्णालाई भ्रममा राखेर । घरबाट अविनाशको अन्तिम यात्रा निस्कँदा कृष्णाको हालत कस्तो होला, मैले सोचेर पार पाइनँ । यो निष्ठुर सत्यता स्वीकार गर्न कृष्णा कति प्रस्तुत होलिन्, सोच्दा सोच्दै मलाई डर लागेर आयो । उनी त अहिले भ्रममा अस्पतालको बाटो सोचेर घर जाँदैछिन् ! ड्राइभरलाई पहिल्यै भनिएको थियो, कृष्णाले अस्पतालको कुरा गर्ने साथ छोटो बाटोबाट अस्पताल जाँदै गरेको भन्दिनु । पर पुगिसकेको गाडीबाट कृष्णा कराइरहेकी थिइन्, गुवाहाटी एपोलो अस्पताल जाने बाटो यही हो नि ?" *-साहित्यपोष्ट डटकम*

# आज परमाणु हतियार निर्मूल दिवस मनाइँदै




**पाल्पा,** असोज ९/ विश्वभर आज परमाणु हतियारको जोखिम, यसको मानवीय तथा वातावरणीय प्रभाव र आणविक निशस्त्रीकरणको आवश्यकताबारे जनचेतना फैलाउने उद्देश्यले परमाणु हतियार निर्मूल दिवस मनाइँदैछ । संयुक्त राष्ट्र संघको आह्वानमा यो दिवस हरेक वर्ष सेप्टेम्बर २६ का दिन मनाउने गरिएको हो ।

सन् २०१४ बाट हरेक वर्ष यो दिवस मनाउने सुरु गरिएको हो । सार्वजनिक जागरूकता बढाउन र परमाणु नि:सस्त्रीकरणको सवालमा राष्ट्र संघले गरेका प्रयासको श्रृंखलामा यसलाई एउटा नयाँ आरम्भको रुपमा लिने गरिएको छ । परमाणु हतियारले मानव जीवन, वातावरण र भावी पुस्तामाथि गम्भीर असर पार्न सक्ने भएकाले यसको जोखिम न्यूनीकरण तथा अन्तत: पूर्ण उन्मूलनका लागि अन्तर्राष्ट्रियस्तरमा लामो समयदेखि प्रयास हुँदै आएका छन् । यस दिवसले परमाणु हतियारको प्रयोगबाट हुने विनाशकारी परिणामबारे सचेत गराउँदै विश्व समुदायलाई निशस्त्रीकरण र अन्तर्राष्ट्रिय शान्तिका लागि थप पहल गर्न स्मरण गराउने अवसर प्रदान गर्छ । परमाणु हतियारको सम्भावित प्रयोगबाट ठूलो जनधनको क्षति हुनुका साथै दीर्घकालीन वातावरणीय र मानवीय असर पर्न सक्ने विषयलाई विज्ञ तथा अन्तर्राष्ट्रिय संस्थाहरूले निरन्तर उठाउँदै आएका छन् । त्यसैले परमाणु हतियार नियन्त्रण, अप्रसार र निशस्त्रीकरणसम्बन्धी अन्तर्राष्ट्रिय प्रयासलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइँदै आएको छ । नेपालले पनि अन्तर्राष्ट्रिय शान्ति, निशस्त्रीकरण र परमाणु हतियारको अप्रसारका पक्षमा आृनो प्रतिबद्धता व्यक्त गर्दै आएको छ । परमाणु हतियारमुक्त विश्व निर्माणका लागि राष्ट्रहरूबीच संवाद, विश्वास र सहकार्य आवश्यक रहेको सन्देश यस अवसरमा दिइन्छ । परमाणु हतियार निर्मूल दिवसले विश्व समुदायलाई हतियारको प्रतिस्पर्धाभन्दा शान्ति, सहअस्तित्व र मानव सुरक्षालाई प्राथमिकता दिन तथा परमाणु हतियारको जोखिम घटाउने प्रयासलाई निरन्तरता दिन आह्वान गर्दछ । संयुक्त राष्ट्र संघले आृना विभिन्न सभामा परमाणु निर्मुलीकरणका लागि योजनाहरु पेश गर्दै आएको छ भने राष्ट्र संघका सबैजसो महासचिवले यो उद्देश्यलाई प्राथमिकता दिँदै आएका छन् । संसारमा अहिले करिब १४ हजार भन्दा बढी परमाणु हतियार रहेको अनुमान छ ।

विश्वलाई परमाणु हतियार मुक्त गर्ने संयुक्त राष्ट्र संघको पुरानो उद्देश्य हो । संयुक्त राष्ट्र संघको उक्त उद्देश्य पुरा गर्ने र विश्वलाई परमाणु हतियार मुक्त गराउने उद्देश्यलाई साथ दिँदै कतिपय मुलुकले आृनो परमाणु कार्यक्रम समेत बन्द गरेका थिए तर त्यसको विभिषिका अझै कायम छ । विश्वका शक्तिशाली राष्ट्रहरु अमेरिका, रुस, बेलायत, भारत, इरान, चीन, जापान, कोरिया लगायतका देशमा अझै पनि परमाणु भट्टीहरु सञ्चालनमा रहेका छन् । यसले परमाणु हतियारको त्रास कायमै छ ।

## गणेश सहकारीको १३ औं...

...उनले सहकारीका सञ्चालकको इमान्दारिता र पारदर्शिताका कारण संस्था व्यवस्थित रूपमा अघि बढेको आफूले महसुस गरेको बताए । कार्यक्रममा सहकारीका अध्यक्ष विष्णु गाहाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले सहकारीका मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गर्दै आफ्ना गतिविधि अघि बढाइरहेको बताए । उनले आगामी वर्ष शेयर सदस्य संख्या वृद्धि गर्ने, ७० वर्षभन्दा माथिका ज्येष्ठ सदस्यलाई सम्मान गर्ने, उत्कृष्ट बचत तथा कर्जा कारोबार गर्ने सदस्यलाई सम्मान गर्ने, नयाँ लेखापरीक्षक नियुक्त गर्ने तथा सदस्यलाई पोशाक उपलब्ध गराउनेलगायतका योजना प्रस्तुत गरे । अध्यक्ष गाहाले सदस्यलाई ढुक्क भएर सहकारीमा लगानी गर्न आग्रह गर्दै गणेश सहकारीमा कुनै समस्या नरहेको बताए । सहकारीका मूल्य-मान्यताअनुसार काम गरे पनि ऋण असुलीका लागि प्रभावकारी नीति तथा कानुनी प्रावधानको अभावमा साना सहकारीलाई समस्या भइरहेको उनले बताए । अध्यक्ष गाहाका अनुसार सहकारीमा हाल १ हजार ५ सय ९१ जना शेयर सदस्य रहेका छन् । सहकारीको शेयर पुँजी १ करोड ४६ लाख ५ हजार ९ सय रुपैयाँ रहेको उनले जानकारी दिए । गत वर्षको तुलनामा चालु वर्ष सहकारीको शुद्ध नाफा वृद्धि भई २० लाख ४५ हजार ६ सय ८९ रुपैयाँ पुगेको उनले बताए । कार्यक्रममा लेखा समिति संयोजक हेमानसिं सारु थापाले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए। कोषाध्यक्ष चन्द्रबहादुर खाम्चाले आर्थिक वर्ष २०८३/८४ का लागि २ करोड ८९ लाख ४ हजार रुपैयाँ बराबरको अनुमानित आय-व्यय विवरण प्रस्तुत गरेका थिए । साधारण सभाका अवसरमा सहकारीले ज्येष्ठ नागरिक रामबहादुर थापा र पदमबहादुर थापालाई सम्मान गरेको थियो। यस्तै उत्कृष्ट शेयर सदस्य, नियमित बचतकर्ता, बाल बचतकर्ता, असल बचतकर्ता, आवधिक बचतकर्ता, एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थी तथा उत्कृष्ट कर्मचारीलाई समेत सम्मान गरिएको थियो । उत्कृष्ट बाल बचतकर्तातर्फ डेनिश्वर गाहा, दिपेश थापा र जेनिसा गाहा सम्मानित भए । नियमित बचतकर्तातर्फ प्रेमबहादुर बराल, मायादेवी राना, प्रेमबहादुर राना र नविना खाम्चा छेत्री सम्मानित भए । आवधिक बचतकर्तातर्फ निर्मला रेस्मी र जोन श्रेष्ठ तथा असल बचतकर्तातर्फ नरमाया सिं मगर र प्रेम विश्वकर्मालाई सम्मान गरिएको थियो । त्यस्तै एसईईमा उत्कृष्ट अंक ल्याउने समिक्षा थापा, सृष्टि थापा र मौलिक मलेगोलाई सम्मान गरिएको थियो। कर्मचारीतर्फ व्यवस्थापक गुनी रेस्मी, लेखापाल सरिता बुढा, सहायक लेखापाल निरुता बगाले मगर तथा बजार प्रतिनिधिहरू शिरा सूर्यवंशी, बेगम थापा र चम्पा रानालाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष विष्णु गाहाको अध्यक्षता, उपाध्यक्ष दलबहादुर थापाको स्वागत तथा सचिव कान्तिमाया आलेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

### खेलकुद समाचार

## नेपालले अफगानिस्तानलाई ५ विकेटले हरायो



**काठमाडौं,** असोज ९/जापानमा चलिरहेको २०औं संस्करणको एशियाली खेलकुदको पुरुष क्रिकेटमा अफगानिस्तानलाई हराउँदै नेपालले विजयी शुरुआत गरेको छ । आइचीमा रहेको कोरोगी स्पोर्ट्स पार्कमा अफगानिस्तानले दिएको १०३ रनको लक्ष्य नेपालले १८ ओभर २ बलमा ५ विकेट गुमाएर भेटायो । नेपालका सन्दीप जोराले ३४, रोहित पौडेलले नटआउट ३३ रन बनाए । अफगानिस्तानका फरिदुन दाउदजई, अब्दुल्ला अहमदजाई र अरब गुलले १/१ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको अफगानिस्तानले २० ओभरमा ७ विकेट गुमाएर १०२ रन बनाएको थियो । अफगानिस्तानका फैसल खान अहमदजई र नजिबुल्लाह जाद्रानले समान ३० रन बनाए । नेपालका कुशल भुर्तेलले ४ र ललित राजवंशीले ३ विकेट लिए । प्रतियोगितामा अफगानिस्तानको यो दोस्रो खेल हो । अफगानिस्तानले बिहीबार पहिलो खेलमा जापानलाई ४८ रनले हराएको थियो । अब नेपालले समूह चरणको अन्तिम खेलमा भोलि बिहान ६ बजे जापानसँग खेल्नेछ । समूह 'ए' मा नेपाल, अफगानिस्तान र जापान रहेका छन् । समूहबाट शीर्ष दुई टोली क्वाटरफाइनलमा पुग्नेछन् । क्वाटरफाइनलमा पुग्ने टोलीले भारत वा श्रीलङ्कामध्ये एक टोलीसँग खेल्नेछ । एशियाली खेलकुदको पुरुष क्रिकेटमा नेपाल र अफगानिस्तानबीच १२ वर्षपछि फेरि भेट भएको हो । सन् २०१४ मा दक्षिण कोरियाको इनचोनमा भएको प्रतियोगितामा नेपाल अफगानिस्तानसँग ८ रनले पराजित भएको थियो । एशियाली खेलकुदको पुरुष क्रिकेटमा नेपालको यो चौथो सहभागिता हो । नेपाल अहिलेसम्म क्वाटरफाइनलभन्दा अगाडि बढ्न सकेको छैन ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सुनचाँदीको मूल्य घट्यो




**पाल्पा,** असोज ९/कारोबार हुने हप्ताको अन्तिम दिन शुक्रबार सुनको भाउ तोलामा सामान्य घटेको छ । सुन ५०० रुपैयाँले घट्दै २ लाख ९८ हजार ६०० रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

बिहीबार सुन तोलामा ३ हजार २०० रुपैयाँले घटेर २ लाख ९९ हजार १०० रुपैयाँमा कारोबार भएको थियो । बुधवार सुनको भाउ १०० रुपैयाँले बढेर तोलाको ३ लाख २ हजार ३०० रुपैयाँमा कारोबार भएको थियो । यस्तै गएको मंगलबार सुन तोलामा १ हजार ७०० रुपैयाँले घटेर ३ लाख २ हजार २०० रुपैयाँमा कारोबार भयो । सोमबार तोलामा १ हजार ३०० रुपैयाँले घट्दै सुन ३ लाख ३ हजार ९०० रुपैयाँमा कारोबार भएको थियो । कारोबार हुने पहिलो दिन आईतबार सुनको भाउ २ हजार १०० रुपैयाँले बढेर ३ लाख ५ हजार २०० रुपैयाँमा कारोबार भएको थियो । यस्तै शुक्रबार चाँदीको भाउ पनि तोलामा ३० रुपैयाँले घटेर ४ हजार ६२० रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । चाँदी बिहीबार एकैदिन १६५ रुपैयाँले घटेर तोलाको ४ हजार ८१५ रुपैयाँमा करोबार भएको थियो ।

## अविरल वर्षापछि पाल्पाका...

... स्थानीय प्रशासन तथा सम्बन्धित निकायले पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याउने प्रयास गरिरहेका छन् । तर, लगातार वर्षा भइरहेकाले पहिरो हटाउने काममा कठिनाइ भइरहेको जनाइएको छ । यसैबीच, सम्भावित बाढी तथा पहिरोको जोखिमलाई मध्यनजर गर्दै सिद्धार्थ राजमार्गको दोभान-सिद्धबाबा सडकखण्डमा रातिको समयमा सवारी आवागमनमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय पाल्पाले विहीबारदेखि सोमबारसम्म बेलुकी ७ बजेदेखि बिहान ५ बजेसम्म उक्त सडकखण्डमा सवारी आवागमन बन्द गरेको हो । सहायक प्रमुख जिल्ला अधिकारी राजेश पन्थीका अनुसार यात्रु तथा सवारीसाधनको सुरक्षालाई प्राथमिकतामा राख्दै जोखिम न्यूनीकरणका लागि रातिको समयमा आवागमन रोक्ने निर्णय गरिएको हो ।

**पाल्पाको अर्चलेमा अत्यधिक वर्षा**

गएको २४ घण्टामा सबैभन्दा बढी पानी पाल्पाको अर्चलेमा २०५.२ मिलिमिटर परेको छ । मौसम पूर्वानुमान महाशाखाले शुक्रबार दिउँसो १:१५ बजे एक अलर्ट जारी गर्दै यस्तो जानकारी दिएको हो ।

**तिनाउ नदीले जलसतह सतर्कताको तह पार गऱ्यो**

रुपन्देहीको तिनाउ नदीले शुक्रबार सतर्कताको तह पार गरेको छ । निरन्तर वर्षा भइरहेकाले नदीको जलसतह अझै बढ्दो क्रममा रहेको भन्दै बाढी पूर्वानुमान महाशाखाले उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । महाशाखाका अनुसार तिनाउ नदी आसपासका नदी तटीय क्षेत्र तथा डुबान भइरहने होचा भूभागमा रहेका नागरिकलाई विशेष सावधानी अपनाउनुपर्ने अवस्था छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई